# बैंकिङ कसुर मुद्दाका दुई जना पक्राउ

■ आर्थिक संवाददाता
काठमाडौं, मंसिर २६

बैकिङ कसुर मुद्दाका दुई जना फरार प्रतिवादीहरू पक्राउ परेका छन् । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)का प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरीक्षक कमल थापाका अनुसार काठमाडौं पेप्सीकोलाबाट बैंकिङ कसुर मुद्दाका दुई जना फरार प्रतिवादीहरूलाई सोमबार पक्राउ



गरिएको हो । पक्राउ पर्नेहरूमा रामेछाप जिल्ला मन्थली नगरपालिका-६ घर भई हाल भक्तपुर मध्यपुर ठिमी नगरपालिका-३ बस्ने ३४ वर्षीय किशन कार्की र काभ्रेपलाञ्चोक रोशी गाउँपालिका-१० घर भई हाल काठमाडौं महानगरपालिका-७ बस्ने ४८ वर्षीय दिपक कुमार काफ्ले रहेको प्रहरी उपरीक्षक थापाले जानकारी दिएका छन् ।



प्रवक्ता थापाका अनुसार उच्च अदालत पाटनको २०७९ मंसिर ६ गतेको फैसलाले किसन कार्कीलाई पाँच दिन कैद एवं १५ लाख रूपैयाँ जरिवाना सजाय र २०७८ जेठ ३१ गतेको फैसलाले दिपक कुमार काफ्लेलाई सात दिन कैद एवं आठ लाख ९० हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका थिए । उनीहरूले आफ्नो बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी पीडितलाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको घटनामा उच्च अदालत पाटनले उक्त फैसला गरेको थियो । उनीहरूलाई फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा पेश गरिएको प्रवक्ता थापाले जानकारी दिए ।

# एभरेष्ट बैंकको वार्षिक साधारणसभा

■ आर्थिक संवाददाता
काठमाडौं, मंसिर २६

एभरेष्ट बैंक लिमिटेडको २८औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभाले लेखापरीक्षकको प्रतिवेदनसहित आर्थिक वर्ष २०७८/०७९ को आर्थिक विवरण, वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब र वार्षिक प्रतिवेदन पारित गरेको छ ।

सभाले सेयरधनीहरूलाई आव २०७८/०७९ का लागि १३ प्रतिशत बोनस सेयर र सात दशमलव ६८ प्रतिबशत नगद लाभांश (बोनस सेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकले अधिकृत पुँजी १० अर्ब रूपैयाँबाट वृद्धि गरी १५ अर्ब पुऱ्याउने प्रबन्धपत्र संशोधन गर्ने प्रस्ताव पारित गरेको छ । बैंकले कर्न्भटेवल प्रिफरेन्स सेयर अन्तिम पटक साधरण सेयरमा




परिणत हुने र प्रस्तावित बोनस सेयर वितरण भएपछि हालको जारी र चुक्ता पुँजी वृद्धि हुने भएकोले जारी र चुक्ता पुँजी वृद्धि गर्न प्रबन्धपत्र संशोधन गर्ने प्रस्ताव साधारणसभाले पारित गरेको छ । सभाले आव २०७९/८० को लागि श्री एन अमात्य एन्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरेको छ ।

# राष्ट्र बैंकद्वारा पुनः १३ अर्ब रुपैयाँको ट्रेजरी बिक्री

■ आर्थिक संवाददाता
काठमाडौं, मंसिर २६

नेपाल राष्ट्र बैंकले मंसिर २६ गते अर्थात् सोमबार पुनः १३ अर्ब रूपैयाँबराबरको ट्रेजरी बिक्री गरेको छ । राष्ट्र बैंकका अनुसार सो दिन अपराह्न दुई बजेसम्म उक्त परिमाणमा ट्रेजरी बिल बिक्री गरेको हो । यसअघि यही मंसिर १९ गते पनि राष्ट्र बैंकले १९ अर्ब २६ करोड रूपैयाँबराबरको ट्रेजरी बिल बिक्री गरेको थियो ।

राष्ट्र बैंकका अनुसार जारी मिति मंसिर २७ गते मंगलबार तोकिएको ट्रेजरी बिल खरिदको लागि वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूले भाग लिन पाउनेछन् । बिक्री गरिएको उक्त



ट्रेजरीहरु क्रमशः २८ दिने अवधिको दुई अर्ब, ९१ दिने अवधिको पाँच अर्ब, एक सय ८२ दिने अवधिको चार अर्ब र तीन सय ६४ दिने अवधिको दुई अर्ब रूपैयाँबराबरको रहेको छ । जसमध्ये २८ दिनेको २०७९ पुस २६ गते, ९१ दिनेको २०७९ फागुन ३० गते, एक सय ८२ दिने अवधिको २०८० जेठ ३० गते र तीन सय ६४ दिने अवधिको २०८० मंसिर २६ गते परिपक्व हुने अवधि तोकिएको छ । राष्ट्र बैंकका



Nepal Rastra Bank
Monetary Management Department
Treasury Bills Auction Notice

1. Auction Date and Time: 2079, Mangsir 26 (12th December, 2022), Monday, 2:00 P.M.
2. Issue Date: 2079, Mangsir 27 (13th December, 2022), Tuesday
3. Auction Amount and Maturity

| Treasury Bill | Serial Number | Renew From | Offer Amount (Rs. in Crore) | | | Maturity Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | Renewal | Fresh | Total | | |
| 28 Days | 323 | 321 | 200.00 | - | 200.00 | 2079/09/26 | |
| 91 Days | 1651 | 1638 | 500.00 | - | 500.00 | 2079/11/30 | |
| 182 Days | 376 Ka | 358 Ka | 400.00 | - | 400.00 | 2080/02/30 | |
| 364 Days | 1651 Ka | 1599 Ka | 200.00 | - | 200.00 | 2080/08/26 | |
| Total | | | 1300.00 | - | 1300.00 | | |

4. Bid Form Submission Link: https://obss.nrb.org.np/pd
5. Issue Manager: NRB, Monetary Management Department (MMD), Kathmandu
6. Other Information: Discount earning is taxable. Out of total offered amount, 15 percent is reserved for non-competitive bidders.
7. Previous Auction (2079/08/19)

| Treasury Bills | Amount (Rs. in Crore) | | | Discount Rate | | |
|---|---|---|---|---|---|---|
| | Offered | Bid | Allocated | Highest | Lowest | Weighted |
| 28 Days | 500.00 | 712.00 | 500.00 | 11.9704 | 8.3999 | 9.5334 |
| 91 Days | 426.00 | 488.00 | 104.50 | 10.9700 | 10.4825 | 10.8303 |
| 182 Days | 1000.00 | 844.10 | 389.10 | 12.0001 | 10.6844 | 11.7547 |

Notes:
1. Bidders should bid through Online Bidding System Software (OBSS) only.
2. Bidders, who do not have account at NRB, should submit earnest money deposit voucher to MMD by 2:00 P.M.
3. Allocated amount will be settled through NRB Bank Account.
4. Successful bidders, who do not have account at NRB, should deposit remaining amount in NRB Account No. 1200000/015-110-524 at Banking Department and submit voucher to MMD.

अनुसार बिक्री भएका यी ट्रेजरी बिलहरु पुरानो नवीकरणअन्तर्गतका रहेका छन् ।

यसअघि अर्थात् गतसाता पनि राष्ट्र बैंकले २८ दिने अवधिको पाँच अर्ब, ९२ दिने अवधिको चार अर्ब २६ करोड र एक सय ८२ दिने अवधिको १० अर्ब रूपैयाँबराबरको ट्रेजरी बिल जारी गरेको थियो ।

# सानिमा बैंक र दराजबीच सहकार्य

काठमाडौं (आर्थिक) । सानिमा बैंकले ग्राहकहरूका लागि दराजसँग 'दराज १२.१२' योजनामा विशेष छुट दिने सहकार्य गरेको जानकार दिएको छ । बैंकका अनुसार योजना अवधिभर ग्राहकहरूले दराजबाट सामान खरिद गर्दा सानिमा बैंकको डेबिट वा क्रेडिट कार्डबाट भुक्तानी गर्दा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

ग्राहकहरूले डेबिट कार्डबाट भुक्तानी गर्दा १० प्रतिशत वा अधिकतम एक हजार रूपैयाँसम्मको छुट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा १२ प्रतिशत वा अधिकतम १२ सय १२ रूपैयाँसम्मको छुट प्राप्त गर्न सक्नेछन् यो योजनामा सीमित छुट मात्र उपलब्ध हुने भएकोले छुट प्रदान गर्दा पहिलोलाई प्राथमिकता दिइनेछ । छुटका लागि ग्राहकहरूले दराजको एप वा वेबसाइटबाट लगइन गरी दिउँसो २ देखि ३ बजेसम्म बैंक भौचर संकलन गरी खरिद गर्नुपर्नेछ । यसैगरी क्रेडिट कार्ड प्रयोगकर्ताहरूले मासिक किस्ताबन्दी सुविधा पनि




प्राप्त गर्नसक्ने बैंक्ले जानकारी दिएको छ ।

बैंकका अनुसार यो योजना २०७९ मंसिर २६ देखि पुस तीन गतेसम्म सात दिनका लागि लागू हुनेछ । सानिमा बैंकको देशका सातै प्रदेशमा एक सय ३० वटा शाखा कार्यालय तथा एक सय २३ वटा एटीएम सञ्चालनमा रहेका छन् । साथै, सानिमा बैंकको डेबिट तथा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ एप प्रयोग गर्दा विभिन्न अस्पताल, सपिङ आउटलेट, होटेल, रेष्टुरेन्ट आदिमा विशेष छुटको व्यवस्था रहेको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०८/२७

यस कम्पनीको मिति २०७८/०४/२९ मा सम्पन्न बिशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **मिलेनियन्स इन्टरनेशनल नेटवर्क अफ एजुकेशन प्रा.लि.**(प्रा.लि.नं.१६००८८) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **त्योयो एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** का.म.न.पा ३०, काठमाडौं कायम गरिएको जानकारी गराइन्छ ।



Government of Nepal
Ministry of physical Infrastructure & Transport
Department of Road
Federal Road Supervision & Monitoring Office

## Road Division Chandranigahpur

Rautahat

## Invitation for Bid

**Tender Notice Number: 05/2079/80**

**First Date of Publication: 2079/08/27(Dec.13, 2022)**

1. Road Division, Chandranigahpur invites Open Competitive Bidding (Single Stage Single/Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S. N. | Contract Identification No. | Work Site & Works Description | Est. Amount (Exclusive of VAT & Contingencies) NRs. | Time for Completion from Date of Work Order | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fees, NRs. |
|---|---|---|---|---|---|---|---|
| 1 | RDCNP/33701138/ 2079/80-36 | Construction of Pavement Works and Drain Works along Chandranigahpur-Gaur Road, Rautahat | 17,052,971.18 | 6 Months | 5,00,000.00 | 90Days/120 Days | 3000.00 |
| 2 | RDCNP/33701176/ 2079/80-37 | Construction of Blacktop and Drain Works along Dhansar- Kathariya-Karkach Road, Rautahat. | | 11 Months | 1610000.00 | 120Days/150 Days | 5000.00 |
| 3 | RDCNP/337911274/ 2079/80-02P(Re) | Construction of Box Culvert & Road Improvement works along Nijgadh Pataura Bankul Sadak, Rautahat | | 11 Months | 728000.00 | 120Days/150 Days | 5000.00 |

2. Information to deposit the cost of bidding document and bid security in the bank:

| Office Name | District Treasury Controller Office (Ko.Le.Ni.Ka.) Gaur, Rautahat | Contract No.: | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | RastriyaBanijya Bank, Gaur, Rautahat | Con. No. 2079/080-36 to 2079/080-37 | 02Jan.2023 (2079/09/18) Time: 11:00 AM | 12 Jan. 2023 (2079/09/28) Time: 12:00 PM | 12 Jan.2023 (2079/09/28) Time: 13:00 PM |
| Rajaswakhata No. | 1000200010000 | | | | |
| Rajaswashirshak No.: | 14229 | | | | |
| Deposit Account No.: | 1210100102030000 | | | | |
| Office code No.: - | 337012001 | | | | |
| Rajaswakhata No. | 1000200010000 | RDCNP/337911274/ 2079/80-02(Re) | 23Dec. 2022 (2079/09/18) Time: 11:00 AM | 28Dec. 2022 (2079/09/13) Time: 12:00 PM | 28Dec. 2022 (2079/09/13) Time: 13:00 PM |
| Rajaswashirshak No.: | 14229 | | | | |
| Deposit Account No.: | 1210100102030000 | | | | |
| Office code Pradesh No.: - | 3370120022 | | | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp .
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (12th Amendment-2079) and prevailing laws of Nepal. Any amendments in tender notice shall be published in e-procurement section.
5. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
6. Road Division, Chandranigahpur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.
7. If the Office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.

(शर्त सहितको र बैंक जमानत दावी गर्दा सक्कल प्रति फिर्ता गर्नु पर्ने छ भन्ने लगायतका शर्त राखिएका बैंक जमानत स्वीकार गरिने छैन, बोलपत्र अयोग्य हुने छन्)

**Division Chief**



## 'स्वच्छ, सफा, सवल, र समृद्ध नगरपालिका निर्माणमा हाम्रो चाहना'

- जन्म, बिहे, मृत्यु जस्ता घटनाहरू ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
- विकास निर्माणका कामहरू उपभोक्ता समिति मार्फत जनसहभागितामा समयमै सम्पन्न गरेर फरकफरक गरौं ।
- सडकमा जथाभावी चौपायाहरू नछोडौं ।
- स्थानीय सरकारलाई सवल बनाउन समयमै कर तिरौं र सेवा प्रवाहमा भएका कमिकमजोरीलाई औंल्याएर सचेत नागरिकको परिचय बनाऔं ।
- कृषि, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार सृजनामा टेवा पुऱ्याउँ र उत्पादनमूलक क्षेत्रमा लगानी गरौं ।
- छोरा छोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाउने बानीको विकास गरौं र सोही सन्देश दिउ ।
- बाँझो जमिन सके आधुनिक खेती गरौं नसके बोट विरूवा रोपेर भएपनि जमिन बाँझो नराखौं ।
- भावी पीडिलाई हुने गरी भू-कम्प प्रतिरोधात्मक
- संरचनाहरू निर्माण गरौं र सोही सन्देश प्रवाह गरौं ।
- सुरक्षित र स्वास्थ्य खाद्य पद्धार्थ मात्र विक्रीवितरण गरौं, खाद्य पद्धार्थ स्वास्थ्य रहेको एकिन प्रश्चात उपयोग गरौं ।
- रूख रोपौं र वातावरण संरक्षण गरौं ।
- पोलिथिनका झोलाहरूको प्रयोग पूर्ण रूपमा बन्द गरौं ।
- तपाई हाम्रै योगदानले समृद्ध स्थानीय सरकार निर्माण हुनेहुँदा व्यक्तिगत स्वार्थ त्यागेर सहकार्य गरौं ।

**देवाही गोनाही नगरपालिका**
**रौतहट**



## हाई भिजन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चन्द्रागिरी नगरपालिका-७, हाई भिजन कोलोनी, काठमाडौं
फो.नं. ०१-४३१०३६७

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०७९/०८/२७**

यस संस्थाबाट तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको ऋणको यस संस्थासंग गर्नुभएको लिखित सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा व्याज तथा अन्य दै-दस्तुर आदि भुक्तान गर्न पटक-पटक मौखिक, लिखित रुपमा जानकारी गराउँदा तथा मिति २०७९/०३/३० को अभियान राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र मिति २०७९/०६/१० गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासंग गरेको ऋण सम्बन्धी शर्त कबुलियत उल्लङ्घन गर्नु भएकोले ऋण भुक्तानीको निम्ति यो पुनः ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थामा सम्पर्क राखि आफुले लिएको ऋणको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा दै-दस्तुर रकम अविलम्व चुक्ता भुक्तानीको निम्ति सम्बन्धित ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत ऋण चुक्ता भुक्तान नभएमा तपाई ऋणी सदस्य र संस्थाबीच भए गरेको शर्त सम्झौता, सहकारी ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम तपशिलमा उल्लेखित सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएको हुँदा खरिद गरी लिन चाहने व्यक्ति, संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा निम्न मिति, समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । प्राप्त शिलबन्दी फारमहरु ८औं दिन (सो दिन बिदा भएमा सोको भोलीपल्ट) खोलिने भएको हुँदा सो सम्पत्ति खरिद गरी लिन इच्छुक महानुभावहरुको जानकारीका लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धीत ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । धितो सुरक्षण रहेको सम्पत्ति लिलाम विक्रि गर्दा वा सो सम्पत्ति लिलाम विक्रि हुन नसकि संस्था स्वयमूले सकार गर्दा धितो बिक्री भयो वा सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा विक्रि भयो वा संस्था आफैले सकार गरी लियो भनी कहीं उजुर बाजुर गर्न पाइने छैन । साथै, सुरक्षणमा रहेको धितो लिलाम विक्रिबाट पनि संस्थाको ऋण असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको हक लाग्ने चल अचल जायजेथा समेतबाट संस्थाको लेना रकम असुल उपर गरी प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ता समेतलाई कालो सूचीमा सूचीकृत गर्न लेखी पठाउने समेत सम्बन्धित सबैमा यसै सूचनाबाट जानकारी गराईन्छ । लिलामको शर्त सम्बन्धी जानकारीको लागि संस्थाको कार्यालयमा बुझ्न सकिनेछ ।

**तपशिल**

| क्र.सं. | ऋणीको नाम थर र ठेगाना | फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | नामः उदय बहादुर थापा (ना.प्र.नं.: ३५१, धादिङ) ठेगानाःधादिङ, सल्यानकोट गा.वि.स. वडा नं.९ बाबुः मिन बहादुर थापा बाजेः टेक बहादुर थापा |  | काठमाण्डौ जिल्ला सतुंगल वडा नं. ७ मा रहेको कि.नं. ३२९ को क्षेत्रफल ०-४-०-० को जग्गा, सोमा बनेको पक्की घर र सो जग्गाले चर्चेको लिगलगापात समेत । |

**शिलबन्दी बोलपत्र खोलिने मिति** : २०७९ साल पौष ४ गते सोमबार
**समय :** दिनको २:०० बजे
**स्थान :** संस्थाको मुख्य कार्यालय, च.न.पा.७, हाईभिजन कोलोनी ।